# मादी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल

क. सुचि दर्ता सम्वन्धी सुचना

सुचना नं २/२०७५/२०७६

**प्रकाशित मिति२०७५/४/१८**

यस कार्यलयको आ.ब.२०७५/२०७६को लागि निम्न खरिद कार्य गर्न गराउन सार्वजनिक खरिद ऐन२०६३ तथा सार्वजनिक खरिद नियमावली तेश्रो संसोधन २०६८को नियम १८ प्रयोजनार्थ मौजुदा सुचि तयार पार्नका निम्ति ईच्छुक तपशिलका ईक्युपमेण्ट तथा सवारी साधन भएका आपुर्तिकर्ता ,निर्माण व्यवसायी,कम्पनी वा सेवा कर प्रदायकहरुवाट देहायका कामको प्रकृति अनुसार छुट्टा छुट्टै कार्यको लागी नियम अनुसार रितपुर्वक सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आ-आफ्नो निवेदनमा पेशागत कसुरमा सजाय नपाएको भनि निवेदनमा स्वयम उल्लेख गरी तपसिलका कागजातहरु राखी कार्यालयमा दर्ता गराउनु हुन सुचना गरिन्छ ।

<u>सवारी साधन तथा हेभी ईक्युपमेण्ट आपुर्ति सम्वन्धी ( भाडा प्रयोजनको लागी)</u>

१,एक्साभेटर (१४०-१७०) हर्स पावर
२,व्याकहोलोडर (८५-९६) हर्स पावर
३, ब्रेकर सहित एक्साभेटर
४, ट्याक्टर २WD
५, ट्याक्टर ४ WD
६, मिनि ट्क (५ घ.मि)
७, मिनि ट्क (३ घ.मि)
८, टिपर (८ घ.मि)

<u>संलग्न हुन पर्ने कागजातहरु ।</u>

१, फर्म दर्ता प्रमाण पत्र
२, नविकरण ईजाजत पत्र
३ आयकर प्यान/भ्याट दर्ता प्रमाण पत्र
४,गत आ.व.को कर चुक्ता प्रमाण पत्र
५,फर्म को नाम:-
दस्तखत:-
प्रोपाईटरको नाम:- संर्म्पक नं:-

**ख. दोस्रो पटक प्रकाशित मिति : २०७५।०४।१८**

यस गाउँपालिकाको चालु आ.व. २०७५।०७६ को लागि निम्न अनुसारका सडक हरुमा वढावढको माध्यमवाट सडक उपभोग कर ठेक्का लगाउनु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यवसायी वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलवन्दी दरभाउपत्र अह्वान गरिएको छ ।

१. शिलवन्दी कोटेशनको लागि फर्म रु. एक हजार तिरी (फिर्ता नहुने ) कार्यालय वाट प्राप्त गर्न सकिनेछ ।
२. दरभाउपत्र फर्म खरिद गर्दा आ.व. २०७५/०७६ को लागि नविकरण तथा चालु आ.व. को लागि मान्यता प्राप्त फर्म वा कम्पनीको प्रमाण पत्र, स्थायी लेखा दर्ता नं., एवं आयकर साथै आ.व. २०७३/०७४ को कर चुक्ता विवरण पेश गरेको कागजात, सम्वन्धितको नागरीकता को प्रमाणपत्र र फर्म सम्वन्धी अन्य कुनै कागजात भए सो समेत प्रमाणित प्रतिलिपि संलग्न राख्नु पर्नेछ ।
३. दरभाउपत्र फर्म यो सुचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समय भित्र गाउँ कार्यपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ ।
४. विकी भएका फर्म यो सुचना प्रकाशित भएको मितिले आठौं दिनको १२:०० वजे भित्र यस कार्यालयको नाममा सम्वोधन गरी ठेक्का नं. उल्लेख गरी फर्मको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई छाप लगाई शिलवन्दी लाहाछाप गरी यस कार्यालयमा दर्ता गराउन सकिनेछ ।